# माध्यमिक शिक्षा पाठ्यक्रम
# २०७७

**विषयः राजनीतिशास्त्र**

**कक्षा :** ११ र १२

**विषय सङ्केतः** कक्षा ११ : Pol.219, कक्षा १२ : Pol.220

**साप्ताहिक पाठ्य घण्टा :** ५ **वार्षिक कार्य घण्टाः** १६०

## १. परिचय

राष्ट्रियताको भावनायुक्त, सचेत, सक्रिय र देश र समाजप्रति सेवाभाव भएका नागरिक तयार गर्न राजनीतिशास्त्रको अध्ययनले महत्त्वपूर्ण योगदान गर्दछ । त्यसैले संसारका हरेक मुलुकमा महत्त्वपूर्ण विषयका रूपमा विद्यालय तहदेखि उच्च शिक्षासम्म राजनीतिशास्त्रको अध्ययन र अध्यापन गरिन्छ । राजनीतिशास्त्रमा राज्यको उत्पत्ति र विकास, सरकार र सरकारका अङ्गहरू, राजनीतिक दर्शन, राजनीतिक प्रणाली र शक्तिको प्राप्ति, सञ्चिति र कार्यान्वयनका सम्बन्धमा अध्ययन गरिन्छ । यसमा नागरिकका हकअधिकार र कर्तव्यका साथै व्यक्ति र समुदायको राजनीतिक व्यवहारको पनि अध्ययन हुन्छ । यसले समाज, नागरिक, राज्य र सरकार बिचको अन्तरसम्बन्धका विषयमा विद्यार्थीहरूको धारणा विकास गर्न, आफ्नो अभिमत राख्न, मूल्याङ्कन तथा विश्लेषण गर्न र लिखित तथा अभिव्यक्ति कलाको विकास गर्न सहयोग पुऱ्याउछ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध र जिम्मेवार नागरिक तयार गर्ने शिक्षाको उद्देश्य अनुरूप कक्षा ११ र १२ का विद्यार्थीहरूमा राजनीतिशास्त्रको अध्ययनद्वारा लोकतान्त्रिक समाजअनुकूल व्यवहार गर्न सक्षम, सचेत र सक्रिय नागरिक तयार पार्ने प्रमुख उद्देश्यका साथ यो पाठ्यक्रम तयार पारिएको छ । प्रस्तुत पाठ्यक्रमको कक्षा ११ मा मूलतः राजनीतिशास्त्रका अवधारणागत र सैद्धान्तिक विषयवस्तु समावेश गरिएको छ भने कक्षा १२ मा नेपालको संविधान र राजनीति, निर्वाचन, वैदेशिक सम्बन्ध, सार्वजनिक प्रशासनलगायत नेपालको राजनीतिका समसामयिक विषयहरूसँग सम्बन्धित विषयवस्तु समावेश गरिएको छ । यस पाठ्यक्रमले विद्यार्थीहरूमा राजनीतिशास्त्रको सैद्धान्तिक ज्ञानका साथै सकारात्मक प्रवृत्ति र दृष्टिकोणको विकास गर्ने लक्ष्य लिएको छ ।

अपेक्षित लक्ष्य प्राप्त गर्न सैद्धान्तिक ज्ञानका साथै सामाजिक र व्यावहारिक सिप विकासका पक्षमा जोड दिनुपर्ने हुन्छ । यस विषयका लागि साप्ताहिक ५ पाठ्यघण्टा छुट्याइएको छ । जसमा सैद्धान्तिक विषयवस्तुका लागि १२० कार्यघण्टा र प्रयोगात्मक, परियोजना र सामुदायिक कार्यका लागि ४० घण्टा गरी वार्षिक कूल १६० कार्यघण्टा छुट्याइएको छ । यसको कार्यान्वयनबाट विद्यार्थीहरूले कक्षाकोठाभित्रको पठनपाठन क्रियाकलापका साथै स्थानीय परिवेश, समुदाय, राष्ट्र र विश्व परिवेशमा भइरहेका राजनीतिक घटनाक्रम र गतिविधिहरूका वारेमा समेत छलफल गर्नुका साथै विभिन्न क्रियाकलापहरूमा संलग्न भई उचित ज्ञान, सिप र दृष्टिकोणको विकास गर्न सक्षम हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।

## २. तहगत सक्षमता

माध्यमिक तह कक्षा ११ र १२ मो राजनीतिशास्त्र विषयको अध्ययनबाट विद्यार्थीहरूलेनिम्न लिखित सक्षमता हासिल गर्नेछन् :

१. राजनीतिशास्त्रको अवधारणाको बोध र प्रस्तुति

२. राजनीतिशास्त्रको अन्य सामाजिक शास्त्रसंगको सम्बन्ध पहिचान

३. राष्ट्र, राज्य, र राष्ट्रियताको महत्त्व बोध  तथा राज्य उत्पत्तिका सिद्धान्त र राज्यका कार्यको व्याख्या र विश्लेषण

३. नागरिक अधिकार र कर्तव्य पहिचान र तिनको व्यवहारमा अभ्यास

४. लोकतन्त्रको महत्त्व र आधारभूत मान्यताको बोध तथा  सरकारका प्रकार र अ ª ्गहरूको व्याख्या

५. लोकतन्त्रमा निर्वाचनका किसिम तथा प्रक्रियाको बोध र उपयोग

६. प्रमुख राजनीतिक विचारधाराका मान्यता, गुण र दोषको विवेचना

७. राजनीतिक अवधारणाहरूको बोध र विश्लेषण

८ नेपालको आर्थिक प्रशासनको बोध र बजेट निर्माण प्रक्रियाको वर्णन

९. अन्तर्राष्ट्रिय राजनीतिको अवधारणा बोध तथा नेपालको परराष्ट्रनीति र वर्तमान अन्तर्राष्ट्रिय राजनीतिको विवेचना

१०. नेपालको  सामाजिक विविधता र राजनीतिविचको अन्तर्सम्बन्धको विश्लेषण

११. नेपालमा संविधानवाद, संवैधानिक विकासक्रम र वर्तमान संविधानका मूलभूत विशेषताहरूको चर्चा

१२. नेपालको सङ्घीय व्यवस्थाको संरचना र विशेषताको बोध तथा अवसर र चुनौतीको विश्लेषण

१३. सार्वजनिक प्रशासन, कर्मचारी प्रशासन र असल शासनबिचको सम्बन्ध पहिचान र विश्लेषण

१४.  दिगो विकासको लागि योजनाबद्ध विकासको महत्त्वको विश्लेषण

१५. नेपालको राजनीतिका समसामयिक मुद्दाहरूको पहिचान र विश्लेषण

**३. कक्षागत सिकाइ उपलब्धि**

**क) कक्षा ११**

| **एकाइ** | **विषय क्षेत्र** | **सिकाइ उपलब्धि** |
|---|---|---|
| १. | राजनीतिशास्त्रको परिचय | १.१ राजनीतिशास्त्रको परिचय दिन<br>१.२ राजनीतिशास्त्रको क्षेत्र र महत्त्व व्याख्या गर्न<br>१.३ राजनीतिशास्त्र अध्ययनका परम्परागत र आधुनिक उपागमहरूको चर्चा गर्न<br>१.४ राजनीतिशास्त्रको विकासको संक्षिप्त इतिहास वर्णन गर्न<br>१.५ राजनीतिशास्त्र र अन्य सामाजिक शास्त्र बीचको सम्बन्धको विश्लेषण गर्न |
| २. | राष्ट्र र राज्य | २.१ राज्य, राष्ट्र, राष्ट्रियता र बहुराष्ट्रियताको अवधारणा प्रस्तुत गर्न<br>२.२ राष्ट्रनिर्माणको अवधारणा तथा महत्त्व स्पष्ट पार्न र यसका चुनौतीहरू उल्लेख गर्न<br>२.३ राज्यको आवश्यकता उल्लेख गर्न र यसका तत्त्वहरूको परिचय दिन<br>२.४ राज्यको उत्पत्तिका सिद्धान्त र राज्यका कार्यको व्याख्या गर्न |

| | | |
|---|---|---|
| ३. | नागरिकता, नागरिक अधिकार र दायित्व | ३.१ नागरिकताको अर्थ र प्रकार उल्लेख गर्न<br>३.२ नेपालको सन्दर्भमा नागरिकता प्राप्ति र समाप्तिका प्रावधानको विवेचना गर्न<br>३.३ नागरिकका अधिकार र कर्तव्यको पहिचान गरी  व्यवहारमा प्रयोग गर्न<br>३.४ मानव अधिकारको परिचय दिइ यसका लागि संयुक्त राष्ट्र सङ्घको प्रयासको विश्लेषण गर्न<br>३.५ कारेल वासाकको Third generation right सम्बन्धी अवधारणाको व्याख्या गर्न ।<br>३.६ अल्पसङ्ख्यक र आदिवासी जनताको अधिकारको अवधारणा र महत्त्व उल्लेख गर्न<br>३.७ आदिवासी जनताको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्रमा भएका मुख्य मुख्य अधिकारको सूची तयार गर्न |
| ४. | लोकतन्त्र र सरकार | ४.१ लोकतन्त्रको अवधारणा र महत्व बोध गरी सोही अनुकूल व्यवहार गर्न<br>४.२ लोकतन्त्रका आधारभूत मान्यताहरूको व्याख्यागर्न<br>४.३ नेपालको लोकतान्त्रिक  अभ्यासका विशेषताको उल्लेख गर्न<br>४.४ सरकारको अवधारणा  र प्रकार उल्लेख गर्न<br>४.५ एकात्मक र संघात्मक सरकारको विशेषता। सवल र दुर्वल पक्षको विश्लेषण गर्न<br>४.६ शक्तिपृथकीरणको  परिचय दिन<br>४.७ सरकारका तीन अङ्गहरूको परिचय दिन र तिनको महत्त्व र आवश्यकता उल्लेख गर्न |
| ५. | राजनीतिक विचारधारा र विश्लेषण | ५.१ उदारवाद, साम्यवाद, लोकतान्त्रिक समाजवाद र बहुसंस्कृतिवादको आधारभूत मान्यता, गुण र दोषको विवेचना गर्न<br>५.२ राजनीतिक प्रणालीको अर्थ र यसका कार्य प्रस्तुत गर्न<br>५.३ राजनीतिक प्रणालीमा राजनीतिक सञ्चारको महत्व र  यसका माध्यमहरूको व्याख्या गर्न<br>५.४ राजनीतिक सामाजिकीकरणको अर्थ , महत्व र  माध्यमहरू उल्लेख गर्न<br>५.५ राजनीतिक संस्कारको अर्थ बताउन र यसका प्रकारको वर्णन गर्न<br>५.६ राजनीतिक विकाससम्बन्धी अवधारणा स्पष्ट पार्न र यसका महत्वपूर्ण पक्षहरू उल्लेख गर्न |
| ६. | राजनीतिक अवधारणा | ६.१ सार्वभौमसत्ताको अर्थ बताउन र यसका विशेषता तथा किसिमको  बर्णन गर्न<br>६.२ कानुनको अवधारणा प्रस्ट पार्न तथा यसका स्रोतहरू पहिचान गर्न<br>६.३ स्वतन्त्रताको अर्थ, महत्व र किसिम उल्लेख गर्न तथा  यसको व्यवहारमा अभ्यास गर्न<br>६.४ समानताको अर्थ महत्व र किसिमको व्याख्या गर्न<br>६.५ न्यायको अवधारणा र यसको महत्व बोध गरी व्यवहारमा अभ्यास गर्न<br>६.६ राजनीतिक, सामाजिक र आर्थिक न्यायको अवधारणा र महत्त्व उल्लेख गर्न |
| ७. | अन्तर्राष्ट्रिय राजनीति | ७.१ अन्तर्राष्ट्रिय राजनीतिको  महत्व र क्षेत्र वर्णन गर्न<br>७.२ अन्तर्राष्ट्रिय राजनीतिमा राष्ट्रिय शक्ति, राष्ट्रिय शक्तिका स्रोत र सीमाको चर्चा गर्न<br>७.३ अन्तर्राष्ट्रिय कानुनको अर्थ बताउन र स्रोतको पहिचान गर्न<br>७.४ दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय सम्बन्धको  विवेचना गर्न |
| ८. | नेपालको आर्थिक प्रशासन र बजेट | ८.१ आर्थिक प्रशासन र बजेटको अवधारणा प्रष्ट पार्न<br>८.२ नेपालको आर्थिक प्रशासनको परिचय दिन र यसका विशेषता उल्लेख गर्न<br>८.३ बजेटको अर्थ र परिभाषा प्रस्तुत गर्न<br>८.४ बजेटको महत्व र प्रकार उल्लेख गर्न<br>८.५ नेपालमा बजेट निर्माण प्रक्रियाको वर्णन गर्न |

| | | |
|---|---|---|
| ९. | विश्वव्यापीकरण | ९.१ विश्वव्यापीकरणको परिचय दिन<br>९.२ विश्वव्यापीकरणका आयामहरूको व्याख्या गर्न<br>९.३ विश्वव्यापीकरणका अवसर र चुनौतीहरूको विश्लेषण गर्न |
| १०. | विकास र विकास योजना | १०.१ विकासको परिचय दिई दिगोविकासको अवधारणा र आयाम प्रस्तुत गर्न<br>१०.२ नेपालको सन्दर्भमा दिगो विकासका लक्ष्यहरूको प्राप्तिको मूल्यांकन गर्न<br>१०.३ विकास योजनाको परिचय दिन र यसको आवश्यकता उल्लेख गर्न<br>१०.४ नेपालको आवधिक योजनाको संक्षिप्त इतिहाँसको व्याख्या गर्न |

**ख) कक्षा १२**

| एकाइ | विषय क्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १. | नेपाली समाज र राजनीति | १.१ समाज र राजनीतिविचको सम्बन्ध पहिचान गर्न<br>१.२ नेपाली समाजका विशेषताहरू उल्लेख गर्न<br>१.३ नेपालको जातीय, भाषिक, धार्मिक र भौगोलिक विविधताको संक्षिप्त परिचय दिन<br>१.४ नेपालको राजनीतिमा सामाजिक विविधताको प्रभावको विवेचना गर्न<br>१.५ नेपालको सामाजिक र आर्थिक विकासमा राजनीतिको भूमिकाको पहिचान गर्न |
| २ | संविधान र शासन प्रणाली | २.१ संविधानवाद र संविधानको अवधारणा प्रस्तुत  गर्न<br>२.२ संविधानका किसिम छुट्टयाउन र प्रत्येकको व्याख्या गर्न<br>२.३ संविधान निर्माण प्रक्रियाको वर्णन गर्न<br>२.४ संसदीय,अध्यक्षात्मक र मिश्रित शासन प्रणाली बीच फरक छुट्टयाउन |
| ३. | नेपालको राजनीतिक र संवैधानिक विकास | ३.१ नेपालको एकीकरणपछि हालसम्मको नेपालको राजनीतिक इतिहासका मुख्य मुख्य घटनाक्रम वर्णन गर्न<br>३.२ नेपालको संवैधानिक विकास क्रमको व्याख्या गर्न<br>३.३ २०७२ भन्दा अगाडिका नेपालका विभिन्न संविधानका विशेषता उल्लेख गर्न |
| ४. | नेपालको संविधान | ४.१ नेपालको संविधान निर्माणमा संविधान सभाको भूमिका उल्लेख गर्न<br>४.२ नेपालको संविधानका विशेषताहरू उल्लेख गर्न<br>४.३ नागरिकका मौलिक हक र कर्तव्यको पहिचान गरी व्यवहारमा प्रयोग गर्न<br>४.४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्याख्या गर्न<br>४.५ संविधान संशोधन प्रक्रियाको वर्णन गर्न |
| ५. | निर्वाचन र प्रतिनिधित्व | ५.१ प्रतिनिधित्वका सिद्धान्तको वर्णन गर्न<br>५.२ बहुमतको प्रतिनिधित्व र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको विशेषता प्रकाश पार्न<br>५.३ मिश्रित निर्वाचन प्रणालीको व्याख्या गर्न<br>५.४ निर्वाचन आयोगको गठन, कार्य र भूमिका  प्रस्तुत गर्न |
| ६. | नेपालमा सङ्घीयता र सरकार | ६.१ सङ्घीयताको परिचय दिन तथा नेपालको संघिय संरचनाको बर्णन गर्न<br>६.२ नेपालको सङ्घीयताको विशेषता पहिचान गर्न<br>६.३ प्रतिनिधि सभा र राष्ट्रिय सभाको गठन र कार्यको वर्णन गर्न<br>६.४ राष्ट्रपतिको निर्वाचन र भूमिकाको व्याख्या गर्न<br>६.५ सङ्घीय मन्त्रिपरिषद्को गठन र कार्य उल्लेख गर्न |

| | | |
|---|---|---|
| | | ६.६ न्यायपालिकाको संरचना र अधिकारक्षेत्रको व्याख्या गर्न<br>६.७ प्रदेश सरकारको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार बर्णन गर्न<br>६.८ प्रदेश सभाको गठन प्रक्रिया र कार्य उल्लेख गर्न<br>६.९ गाउँपालिका र नगरपालिकाको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार चर्चा गर्न<br>६.१० गाउँ तथा नगरसभाको गठन र कार्य उल्लेख गर्न<br>६.११ नेपालको सङ्घीय व्यवस्थाका अवसर र चुनौती विश्लेषण गर्न |
| ७. | नेपालको परराष्ट्रनीति | ७.१ अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्रनीतिको परिचय दिन र यसको महत्त्व उल्लेख गर्न<br>७.२ नेपालको परराष्ट्रनीतिको उद्देश्य र निर्धारक तत्वहरूको व्याख्या गर्न<br>७.३ छिमेकी  देश र विश्वका प्रमुख देशहरूसँग नेपालको सम्बन्ध पहिचान गर्न |
| ८. | अन्तर्राष्ट्रिय संगठन, क्षेत्रीय सहयोग र नेपालको भूमिका | ८.१ संयुक्त राष्ट्र संघको उद्देश्य र  सिद्धान्त उल्लेख गर्न<br>८.२ संयुक्त राष्ट्र संघका अङ्गहरू र कार्यको वर्णन गर्न<br>८.३ संयुक्त राष्ट्र संघ र विश्वमा शान्ति स्थापना गर्नमा नेपालको भूमिका वर्णन गर्न<br>८.४ क्षेत्रीय सहयोग संगठनहरू-सार्क, आसियान, बिमस्टेक र यूरोपियन यूनियनको उद्देश्य र भूमिकाको विश्लेषण गर्न<br>८.५ वर्तमान विश्वमा असंलग्न आन्दोलनको सान्दर्भिकता र यसमा नेपालको भूमिकाको मूल्याङ्कन गर्न |
| ९. | सार्वजनिक प्रशासन र असल शासन | ९.१ सार्वजनिक प्रशासनको अवधारणा र क्षेत्र प्रस्तुत गर्न<br>९.२ सार्वजनिक र निजी प्रशासन बीचको भिन्नता छुट्टयाउन<br>९.३ विकास प्रशासन र कर्मचारी प्रशासनको अवधारणा र महत्व उल्लेख गर्न<br>९.४ कर्मचारीतन्त्रको परिचय दिन र यसको महत्व उल्लेख गर्न<br>९.५ नेपालको कर्मचारी प्रशासनका विशेषताको सूची तयार पार्न<br>९.६ लोकसेवा आयोगको गठन र कार्य वर्णन गर्न<br>९.७ असल शासनको परिचय दिन र महत्व उल्लेख गर्न<br>९.८ असल शासनका तत्व र आयामहरूको व्याख्या गर्न |
| १०. | नेपालको राजनीतिका समसामयिक मुद्दाहरू | १०.१ नेपालको राजनीतिका निम्नानुसारका समसामयिक मुद्दाहरूको पहिचान र विश्लेषण गर्नः<br>(क) जनसहभागिता र जनमत निर्माण<br>(ख) राजनीतिक स्थायित्व<br>(ग) विविधताको व्यवस्थापन<br>(घ) समावेशिता र समावेशी प्रतिनिधित्व<br>(च) सामाजिक न्याय<br>(छ) लैगिंकता र महिला सशक्तीकरण |

## ४.विषयवस्तुको क्षेत्र र क्रम

| कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|
| **एकाइ/ विषय क्षेत्र** | **विषयवस्तुको विस्तृतीकरण** | **कार्य घण्टा** | **एकाइ/ विषय क्षेत्र** | **विषयवस्तुको विस्तृतीकरण** | **कार्य घण्टा** |
| १. राजनीतिशास्त्रको परिचय | १.१ राजनीतिशास्त्रको परिचय, क्षेत्र र महत्व<br>१.२ राजनीतिशास्त्रको विकासको संक्षिप्त परिचय<br>१.२.१ पूर्वीय<br>१.२.२ पाश्चात्य<br>१.३ राजनीतिशास्त्रको अध्ययनका उपागमहरू (approaches)<br>१.३.१ परम्परागत उपागमहरू<br>(क) कानुनी उपागम<br>(ख) दार्शनिक उपागम<br>(ग) ऐतिहासिक उपागम<br>(घ) संस्थागत उपागम<br>१.३.२ आधुनिक उपागमहरू<br>(क) सामाजिक उपागम<br>(ख) आर्थिक उपागम<br>(ग) मनोवैज्ञानिक उपागम<br>(घ) प्रणालीगत उपागम<br>(ङ) मार्क्सवादी उपागम<br>१.४ राजनीतिशास्त्रको अन्य सामाजिक शास्त्रसँग सम्बन्ध<br>१.४.१ राजनीतिशास्त्र र इतिहास<br>१.४.२ राजनीतिशास्त्र र अर्थशास्त्र<br>१.४.३ राजनीतिशास्त्र र समाजशास्त्र<br>१.४.४ राजनीतिशास्त्र र भूगोल<br>१.४.५ राजनीतिशास्त्र र नीतिशास्त्र<br>१.४.६ राजनीतिशास्त्र र कानुन | १२ | १.नेपाली समाज र राजनीति | १.१ समाज र राजनीतिविचको सम्बन्ध<br>१.२ नेपाली समाजका विशेषताहरू<br>१.३ नेपालको विविधताको परिचय<br>१.३.१ जातीय विविधता<br>१.३.२ भाषिक विविधता<br>१.३.३ धार्मिक विविधता<br>१.३.४ भौगोलिक विविधता<br>१.४ नेपालको राजनीतिमा सामाजिक विविधताको प्रभाव<br>१.५ नेपालको सामाजिक र आर्थिक विकासमा राजनीतिको भूमिका | १० |
| २. राष्ट्र र राज्य | २.१ राष्ट्र र राष्ट्रनिर्माणको अवधारणा<br>२.२ राष्ट्रनिर्माणको महत्त्व र यसका चुनौती<br>२.३ राष्ट्रियता र बहुराष्ट्रियताको अवधारणा<br>२.४ राज्यको अवधारणा र आवश्यकता<br>२.५ राज्यका तत्वहरू<br>२.६ राष्ट्र र राज्यमा अन्तर<br>२.७ राज्यको उत्पत्तिका सिद्धान्त<br>२.७.१ पूर्वीय सिद्धान्त<br>२.७.२ पाश्चात्य सिद्धान्त<br>२.८ राज्यका कार्य | १२ | २.संविधान र शासन प्रणाली | २.१ संविधान र संविधानवादको अवधारणा<br>२.२ संविधानका किसिम<br>२.२.१ लिखित र अलिखित<br>२.२.२ कठोर र नरम<br>२.३ संविधान निर्माण प्रक्रिया<br>२.४ शासन प्रणालीको स्वरूप<br>२.४.१ संसदीय<br>२.४.२ अध्यक्षात्मक<br>२.४.३ मिश्रित | १० |
| ३. नागरिकता, नागरिक अधिकार र दायित्व | ३.१ नागरिकताको अर्थ र प्रकार<br>३.२ नेपालको सन्दर्भमा नागरिकता प्राप्ति र समाप्ति | १२ | ३.नेपालको राजनीतिक र संवैधानिक विकास | ३.१ नेपालको राजनीतिक विकास | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.३ नागरिक तथा राजनीतिक अधिकारको अर्थ, महत्व र प्रकार<br>३.४ मानव अधिकारको अर्थ र महत्व<br>३.५ मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणा पत्र<br>३.६ कारेल वासाकको Third generation right सम्बन्धी अवधारणा<br>३.७ अल्पसङ्ख्यकको अधिकारको अवधारणा र महत्व<br>३.८ आदिवासी जनताको अधिकारको अवधारणा र आदिवासी जनताको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र<br>३.९ नागरिक दायित्व | | | ३.१.१ नेपालको एकीकरण र शाहबंश<br>३.१.२ राणा शासन<br>३.१.३ २००७ सालको क्रान्ति<br>३.१.४ २०४६ सालको जनआन्दोलन<br>३.१.५ २०६२/६३ सालको दोस्रो जनआन्दोलन<br>३.२ नेपालको संवैधानिक विकास<br>३.२.१ नेपाल सरकार वैधानिक कानुन, २००४<br>३.२.२ नेपालको अन्तरिम संविधान, २००७<br>३.२.३ नेपाल अधिराज्यको संविधान, २०१५<br>३.२.४ नेपालको संविधान, २०१९<br>३.२.५ नेपाल अधिराज्यको संविधान, २०४७<br>३.२.६ नेपालको अन्तरिम संविधान, २०६३<br>३.२.७ नेपालको संविधान | |
| ४. लोकतन्त्र र सरकार | ४.१ लोकतन्त्र<br>४.१.१ लोकतन्त्रको अवधारणा, महत्त्व र प्रकार<br>४.१.२ लोकतन्त्रका आधारभूत मान्यता<br>(क) शासनमा नागरिकको सहभागिता<br>(ख) स्वतन्त्र र निष्पक्ष निर्वाचन<br>(ग) नागरिक स्वतन्त्रता<br>(घ) स्वतन्त्र न्यायपालिका र विधिको शासन<br>(ङ) प्रेस स्वतन्त्रता<br>(च) पारदर्शिता र उत्तरदायित्व<br>(छ) राजनीतिक दलको भूमिका | १६ | ४.नेपालको संविधान | ४.१ संविधान सभा र संविधान निर्माण<br>४.२ नेपालको संविधानका विशेषता<br>४.२.१ गणतन्त्र<br>४.२.२ धर्मनिरपेक्षता<br>४.२.३ समावेशिता<br>४.२.४ सङ्घीयता<br>४.२.५ संसदीय पद्धति<br>४.२.६ मिश्रित निर्वाचन प्रणाली<br>४.३ मौलिक हक र कर्तव्य<br>४.४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | (च) प्रतिपक्ष दलको भुमिका<br>४.१.३ नेपालको लोकतान्त्रिक अभ्यासका विशेषता<br>४.२ सरकार<br>४.२.१ सरकारको अर्थ र प्रकार<br>(क) एकात्मक र संघात्मक सरकारका विशेषता<br>(ख) एकात्मक र संघात्मक सरकारका सवल र दुर्वल पक्ष<br>४.२.२ शक्ति पृथकीरणको परिचय<br>४.२.३ सरकारका अङ्गहरू:बिच शक्ति नियन्त्रण र सन्तुलन | | | ४.५ संविधान संशोधन प्रक्रिया | |
| ५. राजनीतिक विचारधारा र विश्लेषण | ५.१ राजनीतिक विचारधारा<br>५.१.१ उदारवाद : अर्थ, आधारभूत मान्यता, गुण र दोष<br>५.१.२ साम्यवाद : अर्थ, आधारभूत मान्यता, गुण र दोष<br>५.१.३ लोकतान्त्रिक समाजवाद : अर्थ, आधारभूत मान्यता, गुण र दोष<br>५.१.४ बहुसंस्कृतिवाद : अवधारणा, आधारभूत मान्यता, गुण र दोष<br>५.२ आधुनिक राजनीतिक विश्लेषण<br>५.२.१ राजनीतिक प्रणाली : अर्थ र कार्य<br>५.२.२ राजनीतिक सञ्चारको अर्थ र माध्यम<br>५.२.३ राजनीतिक सामाजिकीकरणको अर्थ माध्यम र महत्व<br>५.२.४ राजनीतिक संस्कार : अर्थ र प्रकार<br>५.३ राजनीतिक विकास<br>५.३.१ राजनीतिक विकासको अवधारणा<br>५.३.२ राजनीतिक विकासका महत्वपूर्ण पक्षहरू | १२ | ५.निर्वाचन र प्रतिनिधित्व | ५.१ प्रतिनिधित्वका सिद्धान्त<br>५.१.१ बहुमतको प्रतिनिधित्व<br>५.१.२ समानुपातिक प्रतिनिधित्व<br>५.१.३ मिश्रित निर्वाचन प्रणाली<br>(क) राजनीतिक दललाई मत दिने प्रणाली<br>(ख) एकल सङ्क्रमणीय प्रणाली<br>५.२ निर्वाचन आयोग : गठन, कार्य र भूमिका | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. राजनीतिक अवधारणा | ६.१ सार्वभौमसत्ता: अर्थ, विशेषता र किसिम<br>६.२ कानुनः अवधारणा र कानुनका स्रोत<br>६.३ स्वतन्त्रता: अर्थ, महत्व र किसिम<br>६.४ समानता: अर्थ, महत्व र किसिम<br>६.५ न्यायको अवधारणा र महत्व<br>६.५.१ राजनीतिक न्याय<br>६.५.२ सामाजिक न्याय<br>६.५.३ आर्थिक न्याय | १२ | ६.नेपालमा सङ्घीयता र सरकार | ६.१ सङ्घीयताको परिचय<br>६.२ नेपालको सङ्घीय संरचना<br>६.३ नेपालको सङ्घीयताका विशेषता<br>६.४ सङ्घीय व्यवस्थापिका<br>६.४.१ प्रतिनिधि सभा : गठन र कार्य<br>६.४.२ राष्ट्रिय सभा : गठन र कार्य<br>६.५ सङ्घीय कार्यपालिका<br>६.५.१ राष्ट्रपति : निर्वाचन, काम, कर्तव्य र अधिकार<br>६.५.२ मन्त्रिपरिषद : गठन र कार्य<br>६.६ न्यायपालिका : संरचना र अधिकारक्षेत्र<br>६.७ प्रदेश सरकार<br>६.७.१ गठन, काम कर्तव्य र अधिकार<br>६.७.२ प्रदेश सभाको गठन र कार्य<br>६.८ स्थानीय सरकार<br>६.८.१ गाउँपालिका र नगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार<br>६.८.२ गाउँ तथा नगरसभाको गठन र कार्य<br>६.९ नेपालको सङ्घीय व्यवस्थाका अवसर र चुनौती | १८ |
| ७. अन्तर्राष्ट्रिय राजनीति | ७.१ अन्तर्राष्ट्रिय राजनीतिको अर्थ, महत्व र क्षेत्र<br>७.२ अन्तर्राष्ट्रिय राजनीतिमा राष्ट्रिय शक्तिका स्रोत र सीमा<br>७.३ अन्तर्राष्ट्रिय कानुन : अर्थ र स्रोत<br>७.४ दोस्रो विश्व युद्धपछि अन्तर्राष्ट्रिय सम्बन्धको विकास<br>७.४.१ शीत युद्ध<br>७.४.२ तनाव शिथिलता<br>७.४.३ एक ध्रुवीय अवस्था र नयाँ शक्तिको उदय | १४ | ७. नेपालको परराष्ट्रनीति | ७.१ अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको परिचय र महत्त्व<br>७.२ नेपालको परराष्ट्र नीति<br>७.२.१ नेपालको परराष्ट्र नीतिको परिचय<br>७.२.२ नेपालको परराष्ट्र नीतिको उद्देश्य र निर्धारक तत्त्वहरू<br>७.३ संयुक्त राज्य अमेरिका, वेलायत, जापान, भारत र चीनसँग नेपालको सम्बन्ध | १० |
| ८. नेपालको आर्थिक प्रशासन र बजेट | ८.१ आर्थिक प्रशासन र बजेटको अवधारणा<br>८.२ नेपालको आर्थिक प्रशासनको परिचय<br>८.३ नेपालको आर्थिक प्रशासनका विशेषता<br>८.४ बजेटको अर्थ, परिभाषा र महत्व<br>८.५ बजेटका प्रकार<br>८.६ नेपालमा बजेट निर्माण प्रक्रिया | १२ | ८. अन्तर्राष्ट्रिय संगठन र क्षेत्रीय सहयोग र नेपालको भूमिका | ८.१. संयुक्त राष्ट्र संघ<br>८.१.१ उद्देश्य, सिद्धान्त, अङ्गहरू र कार्य<br>८.१.२ संयुक्त राष्ट्र संघ र विश्वमा शान्ति स्थापना गर्न नेपालको भूमिका | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ८.२ क्षेत्रीय संगठन : सार्क, आसियान, बिमस्टेक र इयु<br>८.३. असंलग्न आन्दोलन<br>८.३.१ वर्तमान विश्वमा असंलग्न आन्दोलनको सान्दर्भिकता<br>८.३.२ असंलग्न आन्दोलनमा नेपालको भूमिका | |
| ९. विश्वव्यापीकरण | ९.१ विश्वव्यापीकरणको परिचय<br>९.२ विश्वव्यापीकरणको आयामहरू<br>९.२.१ राजनीतिक<br>९.२.२ सामाजिक<br>९.२.३ आर्थिक<br>९.३. विश्वव्यापीकरणका अवसर र चुनौतीहरू | ८ | ९. सार्वजनिक प्रशासन र असल शासन | ९.१ सार्वजनिक प्रशासन<br>९.१.१ सार्वजनिक प्रशासनको अवधारणा<br>९.१.२ सार्वजनिक प्रशासनको क्षेत्र<br>(क) परम्परागत<br>(ख) आधुनिक<br>९.१.३ सार्वजनिक र निजी प्रशासनबीच भिन्नता<br>९.२ विकास प्रशासनको अर्थ र महत्व<br>९.३ कर्मचारी प्रशासन<br>९.३.१ कर्मचारी प्रशासनको अवधारणा<br>(क) कर्मचारीतन्त्रको परिचय र महत्व<br>(ख) नेपालमा निजामती सेवाका विशेषता<br>९.३.२ लोकसेवा आयोग : गठन, कार्य<br>९.४ असल शासन<br>९.४.१ असल शासनको परिचय र महत्व<br>९.४.२ असल शासनका तत्वहरू<br>९.४.३ असल शासनका आयामहरू | १२ |
| १०. विकास र विकास योजना | १०.१ विकासको परिचय<br>१०.२ दिगो विकास<br>१०.२.१ दिगो विकासको अवधारणा र आयाम<br>१०.२.२ दिगो विकास लक्ष्यहरू र नेपालको सन्दर्भ<br>१०.३ योजनावद्ध विकास<br>१०.३.१ विकास योजनाको परिचय र आवश्यता | १० | १०. नेपालको राजनीतिका समसामयिक मुद्दाहरू | १०.१ नेपालको राजनीतिका समसामयिक मुद्दाहरू<br>१०.१.१ जनसहभागिता र जनमत निर्माण<br>१०.१.२ राजनीतिक स्थायित्व<br>१०.१.३ विविधताको व्यवस्थापन<br>१०.१.४ समावेशिता र समावेशी प्रतिनिधित्व<br>१०.१.५ सामाजिक न्याय | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०.३.२ नेपालमा योजनावद्ध विकास र आवधिक योजनाको संक्षिप्त इतिहास | | | १०.१.६ लैªगिकता र महिला सशक्तीकरण | |
| **जम्मा:** | | १२० | **जम्मा:** | | १२० |

**५. आन्तरिक प्रयोगात्मक क्रियाकलाप**

राजनीतिशास्त्र विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक ज्ञान र अनुभव हासिल गर्ने अवसर प्रदान गर्न विभिन्न परियोजना कार्य, अध्ययन भ्रमण, प्रतिवेदन लेखन र प्रस्तुति लगायतका क्रियाकलापहरूमा सहभागी गराउनु पर्दछ । विद्यार्थीले गरेका क्रियाकलापहरूको कार्य सञ्चयिका फाइलमा अभिलेखीकरण गर्नु पर्दछ र त्यसका आधारमा तोकिएको अङ्भारको आन्तरिक मूल्याङ्कन गर्नु पर्दछ । यहाँ प्रस्तुत गरिएका प्रयोगात्मक क्रियाकलाप उदाहरण मात्र हुन् । शिक्षकले स्थानीय परिवेश अनुसार उपयुक्त क्रियाकलापको छनौट गर्न सक्ने छन् ।

**कक्षा : ११**

| **एकाइ** | **विषय क्षेत्र** | **क्रियाकलाप** | **पाठ्य घण्टा** |
|---|---|---|---|
| १. | राजनीतिशास्त्रको परिचय | • पुर्वीय र पाश्चात्य जगतमा भएको राजनीतिशास्त्रको विकास सम्बन्धमा बिभिन्न श्रोतहरूको खोजी र अध्ययन गरी समुहगत रुपमा प्रतिबेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने<br>• राजनीतिशास्त्र र अन्य सामाजिक शास्त्रहरूबीचको सम्बन्धमा चार्ट तयार गरी प्रस्तुत गर्ने | ३ |
| २. | राष्ट्र र राज्य | • बहुराष्ट्रियता र राष्ट्रनिर्माण सम्बन्धमा स्थानीय स्रोत व्यक्ति आमन्त्रण गरी कक्षामा प्रश्नोत्तर र अन्तरक्रिया गर्ने<br>• राष्ट्र र राज्य बीचको अन्तरको चार्ट तयार गरी प्रस्तुतीकरण र छलफल गर्ने<br>• राज्यका कार्यहरूका सम्बन्धमा तार्किक रूपमा आफ्ना भनाइ कक्षामा प्रस्तुत गर्ने | ४ |
| ३. | नागरिकता, नागरिक अधिकार र दायित्व | • इन्टरनेट लगायत विभिन्न स्रोतबाट खोजी गरेर नागरिक अधिकार, राजनीतिक अधिकार, अल्पसङ्ख्यकको अधिकार, आदिबासी जनताको अधिकार र महिला अधिकारको सूची तयार गरी छलफल गर्ने र आफ्नो राय समेत समेटेर प्रस्तुतीकरण गर्ने<br>• नागरिक अधिकार र कर्तव्यको सम्बन्ध एवम् महŒव विषयमा बक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने<br>• नेपालको सन्दर्भमा नागरिकता प्राप्ति र समाप्तिका प्रावधानहरूका विषयमा Value Line क्रियाकलाप सञ्चालन गर्ने<br>• Internet मा मानव अधिकारका लागि संयुक्त राष्ट्र सङ्घको प्रयासका तथ्यहरू खोजी गर्ने र समूहगत रुपमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने | ५ |

| | | | |
|---|---|---|---|
| | | • समूहमा बिभाजित भई मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणा पत्रका मुख्य मुख्य प्रावधानहरू टिपोट गरी प्रस्तुत गर्ने | |
| ४. | लोकतन्त्र र सरकार | • नेपालमा भइरहेको लोकतन्त्रको अभ्यासका सम्बन्धमा विभिन्न पत्रपत्रिका, विशेषाङ्कमा प्रकाशित लेखहरू खोजीनीति गरी कक्षामा छलफल र प्रस्तुत गर्ने । लोकतन्त्र र सरकार सञ्चालनका समसामयिक सवालहरूका सम्बन्धमा सामाजिक सञ्जालमा गरिएका टिकाटिप्पणीहरूको टिपोट गरी आफ्नो निश्कर्ष सहित कक्षामा प्रस्तुत गर्ने ।<br>• सरकारका अङ्गहरू, शक्ति पृथकीकरण र शक्ति सन्तुलनका सम्बन्धमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्ने र सम्बन्धित विषयमा प्रश्नावली तयार गरी अन्तर्वार्ता लिने<br>• न्यायपालिका, विधिको शासन, प्रेस स्वतन्त्रताका सम्बन्धमा हालको संविधानमा भएको व्यवस्था खोजी गरी टिपोट गर्ने र यसको व्यवहारिक अभ्यासका विषयमा आफ्नो अनुभव सहित प्रतिवेदन तयार पारी प्रस्तुत गर्ने | ५ |
| ५. | राजनीतिक विचारधारा र विश्लेषण | • उदारवाद, साम्यवाद, लोकतान्त्रिक समाजवाद र बहुसंस्कृतिवाद जस्ता राजनीतिक विचारधारा विषयमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने<br>• राजनीतिक विकासको लागि राजनीतिक सञ्चार र राजनीतिक संस्कारको भूमिका सम्बन्धमा निबन्ध तयार गरी प्रस्तुत गर्ने | ५ |
| ६. | राजनीतिक अवधारणा | • स्थानीय गाउँपालिका वा नगरपालिकामा गई त्यहाँबाट नागरिकले प्राप्त गरेका न्यायिक सेवाहरूको खोजी गरी प्रतिवेदन तयार गर्ने<br>• स्वतन्त्रता, सामाजिक, आर्थिक, राजनीतिक न्यायका सम्बन्धमा नेपालको संविधानमा भएको व्यवस्थाको खोजी गर्ने र समुदायमा तिनको प्राप्तिको वर्तमान अवस्थाको अध्ययन गरी प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने | ४ |
| ७. | अन्तर्राष्ट्रिय राजनीति | • अन्तर्राष्ट्रिय राजनीतिमा राष्ट्रिय शक्तिका स्रोत र सीमा सम्बन्धमा वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्ने | ३ |
| ८. | नेपालको आर्थिक प्रशासन र बजेट | • नेपालको आर्थिक प्रशासनका विशेषता खोजी गरी तालिका तयार पार्ने<br>• नेपालको बजेट निर्माण प्रक्रिया र कार्यान्वयन सम्बन्धमा वेवसाइटलगायत विभिन्न स्रोतहरूबाट जानकारी प्राप्त गरी प्रतिवेदन गर्ने<br>• वेवसाइटमा वा अन्य स्रोतबाट चालु वा कुनै आर्थिक वर्षको बजेट वक्तव्यको प्रति प्राप्त गर्ने र यसका मुख्य मुख्य अवयवहरूको टिपोट गरी कक्षामा प्रस्तुत गर्ने | ३ |
| ९. | विश्वव्यापीकरण | • नेपालको राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा विश्वव्यापीकरणको प्रभाव सम्बन्धमा लेख तयार गर्ने | ३ |

| | | | |
|---|---|---|---|
| १०. | विकास र विकास योजना | • तपाईंको समुदाय वा नजिकै भएको विकास कार्यको अवलोकन गर्ने र उक्त बिकास कार्य दिगो बिकासको सिद्धान्त र मूल्य मान्यता अनुरूप सञ्चालन भए नभएको मूल्यांकन गर्ने । यदि नभएको पाइएमा कसरी सो अनुरूप सञ्चालन गर्ने भन्ने सम्बन्धमा उपयुक्त सुझावहरू तयार गरी प्रस्तुत गर्ने<br>• आफ्नो स्थानीय तहमा सञ्चालित विकास आयोजनाको अवलोकन भ्रमण गर्ने र उक्त आयोजनाको विस्तृत विवरण सहित प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने | ५ |
| | | **जम्मा** | **४०** |

**कक्षा : १२**

| **एकाइ** | **विषय क्षेत्र** | **प्रयोगात्मक सिकाइ क्रियाकलाप** | **पाठ्य घण्टा** |
|---|---|---|---|
| १. | नेपाली समाज र राजनीति | • नेपालको राजनीतिमा सामाजिक विविधताको प्रभाव विषयमा लेख तयार गर्ने | ३ |
| २ | संविधान र शासन प्रणाली | • संविधानका किसिम र तीनका बिशेषता सहितको सूची तयार गरी कक्षामा टाँस्ने<br>• संसदीय, अध्यक्षात्मक र मिश्रित शासन प्रणालीका विशेषताहरू खोजी गरी चार्टपेपरमा उल्लेख गरी पेस गर्ने | ४ |
| ३. | नेपालको राजनीतिक र संवैधानिक विकास | • नेपालको एकीकरणदेखि हालसम्मका नेपालको राजनीतिका मुख्य मुख्य घटनाहरूलाई समयरेखामा देखाउने<br>• २००७ सालको क्रान्ति र यसबाट प्राप्त परिवर्तन सम्बन्धमा प्रतिवेदन तयार पार्ने<br>• २०४६ सालको जन आन्दोलन र यसको उपलब्धि बिषयमा लेख तयार पार्ने<br>• २०६२/६३ को जनआन्दोलनले ल्याएका परिवर्तनको सूची तयार गरी कक्षामा छलफल गर्ने<br>• नेपालको संवैधानिक विकासक्रमलाई समयरेखामा देखाउने | ५ |
| ४. | नेपालको संविधान | • पुस्तकालय वा इन्टरनेटबाट नेपालको वर्तमान संविधानको खोजीगरी अध्ययन गर्ने र यसका विशेषताहरूको तालिका तयार गरी प्रस्तुत गर्ने | ३ |
| ५. | निर्वाचन र प्रतिनिधित्व | • नेपालको संघीय संसद र प्रदेश सभाको निर्वाचनमा अवलम्बन गरिएको निर्वाचन प्रणाली र यसका सबल र दुर्वलपक्षलाई चार्ट पेपरमा प्रस्तुत गर्ने<br>• विद्यालयमा सङ्घीय संसद, प्रदेश वा स्थानीय तहको निर्वाचनको simulation practice गर्ने र आफ्नो अनुभव सहितको प्रतिवेदन तयार गर्ने<br>• नेपालको लोकतान्त्रिक आन्दोलनमा राजनीतिक दलहरूको भूमिका र योगदान सम्बन्धमा वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्ने | ६ |
| ६. | नेपालमा सङ्घीयता र सरकार | • विभिन्न माध्यमबाट नेपालमा संघीयताको बहस र अभ्यासका सम्बन्धमा विभिन्न व्यक्तिको अन्तर्वार्ता र लेख सङ्कलन गर्ने र प्रस्तुत विचारहरूका वारेमा छलफल गर्ने<br>• नजिकको गाउँपालिका, नगरपालिका वा वडा कार्यालयको भ्रमण गर्ने । उक्त निकायले स्थानीय समुदायको विकासका लागि गरेका कार्यहरू र जनतालाई पुर्‍याएको सेवाका सम्बन्धमा सोधपुछ र अन्तर्क्रिया गरी प्रतिवेदन तयार गर्ने | ५ |

| | | | |
|---|---|---|---|
| ७. | नेपालको परराष्ट्रनीति | ● विभिन्न स्रोतहरूबाट संयुक्त राज्य अमेरिका, वेलायत, जापान, भारत र चीनको सहयोगमा नेपालमा सञ्चालन भएका कार्यक्रम, आयोजना र विकास निर्माणका कार्यहरूको खोजी गरी चार्ट तयार गर्ने | २ |
| ८. | अन्तर्राष्ट्रिय संगठन, क्षेत्रीय सहयोगर नेपालको भूमिका | ● संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका विषयमा निवन्ध तयार गर्ने<br>● सार्क, आसियान, बिमिष्टेक र इयु जस्ता क्षेत्रीय सहयोग संगठनमा आवद्ध राष्ट्रहरूको सूची तयार गरी कक्षामा टाँस्ने | ३ |
| ९. | सार्वजनिक प्रशासन र असल शासन | ● असल शासनका लागि सार्वजनिक प्रशासनको महत्त्व विषयमा वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्ने<br>● नजिकको कुनै सरकारी कार्यालयको भ्रमण गरी त्यहाको कर्मचारी प्रशासन र असल शासन अवस्थाको अवलोकन, सोधपुछ र प्रश्नोत्तर गरी प्राप्त जानकारीका आधारमा सेवा प्रवाह प्रक्रिया र प्रभावकारीता विषयमा प्रतिवेदन तयार पारी प्रस्तुत गर्ने । कार्यालयको भ्रमण गर्न सम्भव नभएमा इन्टरनेट र विभिन्न पुस्तक वा पत्रपत्रिकाबाट सूचना र विषयवस्तु सङ्कलन गरी प्रतिवेदन तयार पारी प्रस्तुत गर्ने | ५ |
| १०. | नेपालको राजनीतिका समसामयिक मुद्दाहरू | ● नेपालको राजनीतिका समसामयिक मुद्दाहरूका विषयमा मिनि सेमिनारको आयोजना गर्ने | ४ |
| | | **जम्मा:** | ४० |

### ६. सिकाइ सहजीकरण प्रक्रिया

कक्षा ११ र १२ को राजनीतिशास्त्रको पाठ्यक्रममा राजनीतिशास्त्रका सैद्धान्तिक एवं व्यावहारिक विषयवस्तु समावेश गरिएका छन् । ती विषयवस्तुको शिक्षण प्रभावकारी बनाउनका लागि उपयुक्त शिक्षण विधि, शिक्षण स्रोत, सहायक सामग्री र मूल्याङ्कनको महत्वपूर्ण भूमिका हुन्छ । यहाँ राजनीतिशास्त्र विषयको सिकाइ सहजीकरणका लागि उपयुक्त शिक्षण विधि र शिक्षण स्रोतको चर्चा गरिएको छ ।

#### (क) शिक्षण विधि

राजनीतिशास्त्रको शिक्षणमा आवश्यकताअनुसार शिक्षकले विभिन्न शिक्षण विधि प्रयोगमा ल्याउनु पर्ने हुन्छ । यहाँ प्रस्ताव गरिएका विधि केवल मार्गदर्शनका लागि हुन् ।

- व्याख्यान विधि
- छलफल विधि
- प्रश्नोत्तर विधि
- प्रदर्शन विधि
- शोध खोज विधि
- क्षेत्र भ्रमण वित्रि

- भूमिका अभिनय विधि

**(ख) शिक्षण स्रोत**

सिकाइ प्रक्रियामा शिक्षण स्रोत महत्वपूर्ण पक्ष हो । यसले सिक्ने र सिकाउनेबीच माध्यमको काम गर्नुका साथै सिकाइ क्रियाकलापलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन सहयोग गर्दछ । पाठ्य सामग्री र सामुदायिक स्रोत शिक्षण स्रोत हुन् ।

(१) पाठ्य सामग्रीः पाठ्य पुस्तक, सन्दर्भ ग्रन्थ, समाचार पत्र, पत्रिका, जर्नल आदि पाठ्य सामग्री हुन् । पत्रपत्रिकामा प्रकाशित सामग्रीबाट शिक्षकले उपयुक्त चित्र, टेबल, चार्ट, ग्राफ, कार्टुन आदिका दृश्य सामग्री सङ्कलन गरेर कक्षामा प्रयोग गर्न सक्छन् । नक्साको प्रयोगले सिकाइ प्रभावकारी बनाउन सकिन्छ । शिक्षकले आफै चार्ट बनाएर वा विद्यार्थीलाई बनाउन लगाएर प्रयोग गर्न सक्छन् ।

(२) सामुदायिक स्रोतः प्राकृतिक र मानव निर्मित स्रोतको अवलोकनबाट ज्ञान प्राप्त गर्न सकिन्छ । शैक्षिक भ्रमण एउटा प्रभावकारी स्रोत हो । स्रोत व्यक्तिलाई विद्यालयमा निमन्त्रणा गरी विद्यार्थीहरूसँग छलफल तथा प्रवचन कार्यक्रम राख्न सकिन्छ ।

**७. मूल्याङ्कन प्रक्रिया**

पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्य अनुरूप विद्यार्थीहरूमा ज्ञान, सिप तथा अभिवृत्ति विकास भयो वा भएन भनी पत्ता लगाउने महत्वपूर्ण प्रक्रिया मूल्याङ्कन हो । मूल्याङ्कनका साधन विकास गर्दा उद्देश्यअनुरूप सिकाइका सबै स्तरलाई समेट्नु पर्छ । अन्य विषयमा जस्तै राजनीतिशास्त्रमा पनि सामान्यतया निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्छ ।

**(क) निर्माणात्मक मूल्याङ्कन**

शिक्षण सिकाइ क्रियाकलापबाट विद्यार्थीले के कति सिके भनी पत्ता लगाई नसिकेको भए पुनः उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यो मूल्याङ्कन शिक्षकले कक्षामा निरन्तर गर्नुपर्ने प्रक्रिया हो । राजनीतिशास्त्रको शिक्षणमा विद्यार्थीको सिकाइमा सुधारका लागि यस्तो मूल्याङ्कनको आवश्यकता हुन्छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन**

पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्यअनुसार विद्यार्थीले ज्ञान, सीप, र अभिवृत्ति प्राप्त गरे नगरेको लेखाजोखा गरी त्यसको आधारमा विद्यार्थीहरूको उपलब्धिको स्तर पत्ता लगाउन र उनीहरूको स्तर र योग्यता निर्धारण सम्बन्धी निर्णय लिन निर्णयात्मक मूल्याङ्कन गरिन्छ । अन्य विषयमा जस्तै राजनीतिशास्त्रमा पनि यस्तो मूल्याङ्कन अन्तर्गत आन्तरिक मूल्याङ्कन र बोर्डद्वारा सञ्चालन गरिने अन्तिम परीक्षा पर्दछन् ।

**(अ) आन्तरिक मूल्याङ्कन**

आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूको कार्य सञ्चयिका फाइल बनाई उनीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्नेछ । राजनीतिशाास्त्र विषय सिकाइको क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको

प्रयोग गर्न सकिने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनु पर्नेछ । राजनीतिशास्त्रको कक्षा ११ र १२ मा २५ पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन हुनेछ । आन्तरिक मूल्याङ्कन निम्नलिखित प्रक्रियाबाट गरिने छ :

| **क्र.स.** | **क्षेत्र** | **अङ्कभार** |
|---|---|---|
| १ | कक्षा सहभागिता | ३ |
| २ | प्रयोगात्मक तथा परियोजना कार्य र प्रस्तुतीकरण | १६ |
| ३ | त्रैमासिक परीक्षा | ६ |
| | **जम्मा** | **२५** |

आन्तरिक मूल्यांकनका लागि प्रयोगात्मक र परियोजना कार्य पाठ्यक्रममा दिइएका नमूनाको आधारमा सम्बन्धित विषय शिक्षकले तय गर्नु पर्नेछ र विद्यार्थीले गरेका कार्यको अभिलेखीकरण गरी मूल्यांकन गर्नुपर्ने छ ।

## (आ) बाह्य मूल्याङ्कन

कक्षा ११ र १२ मा ७५% भारको बाह्य मूल्याङ्कन हुने छ जसका लागि परीक्षा सञ्चालन गरिने छ । कक्षा ११ र १२ का लागि लिइने परीक्षाका लागि विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, समस्या समाधान, सिर्जनात्मकता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक क्षमता, खोजमूलक सिप, कार्यक्षमता उपयोग, प्रयोगात्मक र उच्च दक्षतासँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति हासिल गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ ।